नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी संख्याः-

# प्रेस विज्ञप्ति

**दिगो विकास लक्ष्य प्रगति समीक्षा २०१६ -२०१९ प्रतिवेदन** र **दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका २०२०** को आज एक कार्यक्रमकाबीच राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमन समितिका अध्यक्ष प्रा. डा. पुष्पराज कडेल तथा राष्ट्रिय सभाको बिधायन समितिका माननीय सदस्य डा. बिमला राई पौड्यालले संयुक्तरूपमा सार्वजनिक गर्नु भयो। प्रगति प्रतिवेदन तथा स्रोत पुस्तिकाका विषयवस्तुहरूका बारेमा राष्ट्रिय योजना आयोगका सदस्य श्री मीनबहादुर शाहीले बिस्तृत रूपमा प्रस्तुतीकरण गर्नु भएको थियो।

उक्त सार्वाजनिकीकरण कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरू, नेपाल सरकारका विभिन्न मन्त्रालयका पदाधिकारीहरू, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ प्रतिनिधिहरू, संयुक्त राष्ट्रसंघीय निकायहरूका प्रतिनिधिहरू, निजी क्षेत्र, सहकारी क्षेत्र तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था लगायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

प्रतिवेदन सार्वजनिक गर्दै माननीय उपाध्यक्षले सन् २०१९ सम्मको प्रगति मिश्रित रहेको र बाँकी लक्ष्य हासिल गर्न नेपाल सरकारले 'सम्पूर्ण समाज (Whole of the society)' अवधारणा अनुरूप सबै क्षेत्रको स्वामित्वमा यसलाई कार्यान्वयन गर्ने, विकास तथा आयोजना व्यवस्थापनमा रहेका कमि कमजोरी सुधारका लागि आयोजना बैंकको व्यवस्थालाई प्रदेश र स्थानीय तहसम्म अगाडि बढाइने र सन् २०२२ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति हुने लक्ष्य पूरा गर्न प्रयासरत रहेको बताउनु भयो। यसै गरी उहाँले कोभिड-१९ का नकारात्मक असरहरूलाई सम्बोधन गर्न राष्ट्रिय योजना आयोगले पुनरोत्थान रणनीति तयार गरिरहेको पनि जानकारी गराउनु भयो।

यसैगरी उक्त सार्वजनिकीकरण कार्यक्रममा राष्ट्रिय सभाको बिधायन समितिका माननीय सदस्य डा. बिमला राई पौड्याल, राष्ट्रिय योजना आयोगका सचिव, प्रदेश नीति तथा योजना आयोगका सदस्यहरू, जिसस तथा पालिका महासंघका प्रतिनिधिहरू, नागरिक समाजका अगुवा तथा निजी क्षेत्रका प्रतिनिधिहरूले यी प्रगती प्रतिवेदन तथा स्रोत पुस्तिका तयार गर्ने कार्यको सराहना गर्दै आ-आफ्नो धारणा राख्नुभएको थियो।

यस प्रगति प्रतिवेदनले नेपालले सन् २०१६ देखि २०१९ सम्ममा दिगो विकास लक्ष्य कार्यान्वयनका क्रममा लागु गरेका नीति,रणनीति तथा कार्यक्रमहरू र त्यसबाट हासिल गरेका परिणामहरूको बारेमा प्रकाश पारेको छ। यस प्रतिवेदनमा १६९ परिमाणात्मक लक्ष्य तथा नेपालले निर्धारण गरेका ४७९ सूचकहरूको २०१५ को आधारभूत तथ्याँकका आधारमा सन् २०१९ सम्मको प्रगति समेटिएको छ। यस प्रतिवेदनले सामाजिक आर्थिक विकासका सुक्ष्म तथा वृहत्तर अवयवहरूको विश्लेषण गरी दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा आवश्यक उपयुक्त नीतिगत वातावरण तयार गर्दै सही दिशामा अगाडि बढिरहेको देखाएकोछ। यस प्रतिवेदनले दिगो विकास लक्ष्य कार्यान्वयनका क्रममा सामना गर्नुपर्ने चुनौती तथा सुधार गर्नुपर्ने क्षेत्रहरू जस्तै

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

तथ्याङ्क आधार (Database) तथा संस्थागत संयन्त्र सुदृढीकरण लगायतका सवालहरू पहिल्याउँदै आगामी वर्षहरूमा सुधारका लागि आवश्यक रणनीति तथा नीतिगत सुझावहरू पनि प्रस्तुत गरेको छ।

नेपालको संविधानमै दिगो विकास लक्ष्य हासिल गर्न गर्नुपर्ने धैरै कुराहरु समेटिएका छन। हाम्रो चालु १५ औँ योजना (२०७६/७७-२०८०/८१) दिगो विकास लक्ष्यहरुको हासिलमै केन्द्रित रहेकोछ साथै हाम्रा विकासका सबै क्षेत्रगत रणनीतिहरू पनि दिगो विकास लक्ष्य अनुरूप रहेका छन्। सबैलाई थाहै छ, नेपाल 'दिगो विकास लक्ष्य २०१६-२०३० मार्गचित्र' तयार गरी त्यसको कार्यान्वयनका लागि आवश्यक लगानी र स्रोत व्यवस्थापन रणनीति सहित कार्यान्वयनमा जाने विश्वका थोरै केहि देशहरूमध्ये पर्दछ।

यस प्रतिवेदनमा नेपालले दिगो विकास लक्ष्यहरू कार्यान्वयन गर्दा हालसम्म हासिल गरेका उपलब्धिहरूलाई लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरू अनुसार विस्तृत रूपमा प्रस्तुत गरिएको छ। जसअनुसार नेपालले दिगो विकास लक्ष्यको पहिलो लक्ष्य गरिवी निवारण तथा असमानता घटाउनेमा निकै राम्रो प्रगति गरेको देखिन्छ। प्रतिवेदनका अनुसार नेपालको राष्ट्रिय गरिवी १८.६ प्रतिशतमा र बहुआयामिक गरिवी २८.६ प्रतिशतमा झरेको छ। तर उद्योग, पूर्वाधार तथा नव-प्रवर्तन, उत्पादन तथा वितरणका लक्ष्यमा भने सोचेजस्तो राम्रो गरेको देखिदैन। बाँकी लक्ष्यहरुको प्रगति मध्यम, अलिक सुस्त रहेतापनि ठिक दिशातिर उन्मुख रहेको देखिन्छ। प्रतिवेदनका अनुसार वास्तविक कुल गार्हस्थ उत्पादन वृद्धि ५.६ प्रतिशत रहेको छ र यसमा कुल जनसंख्याको तल्लो ४० प्रतिशतको उपभोग र आम्दानीको अनुपात पनि बढेको छ जुन निकै उत्साहप्रद हो। त्यसैगरी नेपालको खाद्य सुरक्षा सूचकांक ४६ छ जुन बालबालिकाको पुड्कोपन, कम तौल, रक्तअल्पता र खाद्य उत्पादनमा भएको कमीमा आधारित छ। मातृ मृत्युदर अझै पनि उच्च नै रहेपनि दक्ष स्वास्थ्यकर्मीको सहयोगमा बच्चा जन्माउनेलगायतका समग्र स्वास्थ्य सुविधाहरूमा पहुँच बिस्तारै वृद्धि भैरहेको देखिन्छ। यस अवधिमा नेपालको शिक्षातर्फ प्राथमिक तहमा भर्ना दर ९७.२ प्रतिशत पुगेको छ भने प्राथमिक तह पूरा गर्ने विद्यार्थीको संख्या ८९.५ प्रतिशत पुगेको छ।

महिला सशक्तीकरणको क्षेत्रमा नेपालले राम्रो सुधार गरे पनि समान कामका लागि ज्यालाको असमानता, बालबिबाह तथा महिला हिंसाका घटना उल्लेख्य रहेकाले यसले सशक्तीकरणमा भएको प्रगतिलाई केहि छायाँमा पारेको छ। यस अवधिमा कुल जनसंख्याको ८८ प्रतिशत जनसंख्याको आधारभूत खानेपानीमा र २१ प्रतिशतको सुरक्षित खानेपानी एवं ८५ प्रतिशतको शौचालयमा पहुँच पुगेको देखिन्छ जुन २०१५ को तुलनामा उल्लेख्य सुधार हो। ऊर्जातर्फ कुल १,२५० मेगावाट जलबिद्युत उत्पादन भै ८८ प्रतिशत जनसंख्या लाभान्वित भएका छन्। यस अवधिमा शहरी वातावारणमा खासै सुधार नभए पनि सुरक्षित आवासमा पहुँच बढेको छ। यसैगरी जलवायु परिवर्तनका प्रभावहरू न्यूनीकरण गर्नका लागि ६८ वटा स्थानीय तह र ३४२ वटा सामुदायिक तहका अनुकूलन योजना कार्यान्वयनमा रहेका छन्। त्यसैगरी वनजंगलको क्षेत्र बढेर ४४.७ प्रतिशत पुगेको छ। प्रतिवेदनका अनुसार समग्रमा जनताको प्रशासनिक सेवामा पहुँच वृद्धि भएपनि जवाफदेहिता, पारदर्शिता तथा भ्रष्टाचार सूचकमा कम सुधार भएको देखिन्छ। प्रतिवेदनले यो अवधिमा